# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७३/७४)


**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

आर्थिक विकास शाखा

बालुवाटार, काठमाण्डौ ।



*२०७४ बैशाख*

## अध्ययन प्रतिवेदनको संक्षिप्त परिचय

१. नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुसार आर्थिक वर्ष २०७३/७४ को प्रथम छ महिनाको आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरेको छ ।

२. प्रतिवेदन नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखा र नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट तोकिएका ५७ जिल्लाहरुमा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालाहरुसँगको अन्तरक्रियामा आधारित रहेको छ ।

३. प्रतिवेदनमा तोकिएका ५७ जिल्लाहरुको कृषि, उद्योग र सेवा क्षेत्रमा समीक्षा अवधिसम्मको स्थिति तथा आर्थिक वर्षको बाँकी अवधिको परिदृश्य लगायत यी क्षेत्रहरुमा देखिएका चुनौतिहरुको संक्षिप्तमा चर्चा गरिएको छ ।

४.अघिल्लो वर्षसम्म अध्ययनमा ४७ जिल्ला समेटिने गरेकोमा चालु आर्थिक वर्ष २०७३/७४ देखि विराटनगर, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रका थप १० जिल्ला समेत समावेश गरी जम्मा ५७ जिल्ला कायम गरिएको छ ।

५. अध्ययनमा समावेश क्षेत्र र जिल्लाहरु देहाय वमोजिम रहेका छन् ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू |
|---|---|
| काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा, सप्तरी, ताप्लेजुङ्ग, पाँचथर र संखुवासभा |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ्ग |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची र गुल्मी |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ, सुर्खेत, सल्यान र जुम्ला |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, अछाम र दार्चुला |

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **सारांश** | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | **३-७** |
| १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ कृषि उत्पादन | ४ |
| १.३ सिँचाइ सुविधा | ५ |
| १.४ क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | **८-१०** |
| २.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ८ |
| २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ९ |
| २.३ औद्योगिक उत्पादनको परिदृश्य | १० |
| **परिच्छेद ३ सेवा क्षेत्र** | **११-१३** |
| ३.१ पर्यटन उद्योग | ११ |
| ३.२ घर-जग्गा कारोबार | ११ |
| ३.३ वित्तीय सेवा | ११ |
| ३.४ यातायात तथा संचार | १२ |
| ३.५ सेवा क्षेत्रको परिदृश्य | १३ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | **१४-१६** |
| ४.१ कृषि क्षेत्र | १४ |
| ४.२ उद्योग क्षेत्र | १४ |
| ४.३ सेवा क्षेत्र | १५ |
| ४.४ पूर्वाधार क्षेत्र | १६ |

# सारांश

१. आर्थिक वर्ष २०७३/७४ को पहिलो छ महिनामा मौसम अनुकुल रहेको, विद्युत आपूर्तिमा सुधार आएको, भूकम्प पश्चात्को पुनर्निर्माणले गति लिएको लगायतका कारणहरुबाट कृषि तथा औद्योगिक क्षेत्रको उत्पादनमा वृद्धि भएको छ । यसका अतिरिक्त मुलुक स्थानीय तहको निर्वाचनमा होमिएको र देशभर व्यवसायिक वातावरणमा सुधार आउन थालेको कारणबाट **चालु आर्थिक वर्ष २०७३/७४ मा समग्र आर्थिक वृद्धिदर बढ्ने परिदृश्य रहेको छ** ।

२. आर्थिक वर्ष २०७३/७४ को पहिलो छ महिनामा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ५७ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था राम्रो देखिएको छ** । समीक्षा अवधिमा खासगरी कृषि उपजले ढाकेको समग्र भू-क्षेत्रमा बढोत्तरी आएको छ । यस अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादन २०.० प्रतिशत, मकैको उत्पादन ३.१ प्रतिशत, फापरको उत्पादन ३.६ प्रतिशत र आलुको उत्पादनमा ३.३ प्रतिशतले वृद्धि भएको छ । तरकारीको उत्पादनमा ४.५ प्रतिशतले वृद्धि भएको छ** । यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा ९.० प्रतिशतले वृद्धि भएको छ** ।

३. समीक्षा अवधिमा अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ५४.२ प्रतिशत उपयोग गरेका छन्** । औद्योगिक उत्पादनहरुमध्ये वनस्पति घिउ तथा तेल, प्रशोधित दूध, अन्न तथा पशुदाना, हल्का पेय पदार्थ, कपडा, सिमेन्ट, ईटा, फलामको छड तथा पत्ति, जुत्ता आदिको उत्पादन बढेको छ भने तयारी पोशाक, अल्मुनियम उत्पादन, विजुलीका तार र केबुलको उत्पादन घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा औद्योगिक उत्पादन क्षमताको उपयोग ३९.५ प्रतिशत रहेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा ११.० प्रतिशतले वृद्धि भएको छ** ।

४. समीक्षा अवधिमा **घरजग्गा कारोबारमा वृद्धि भएको** छ । घर-जग्गा रजिष्ट्रेशन संख्यामा ७६.९ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलनमा उल्लेख्य वृद्धि भएको छ ।

५. अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुको समीक्षा अवधिमा **निक्षेप परिचालन ९.० प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाह १४.२ प्रतिशतले वृद्धि भएको** छ । फलस्वरुप, गत वर्षको सोही अवधिको अन्तमा **७७.५** प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा बढेर ८५.९ प्रतिशत पुगेको** छ । बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.० प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५२.८ प्रतिशत रहेको** छ ।

६. समीक्षा अवधिमा **सवारी साधनको दर्ता १७.० प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अन्तर्गत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) **तथा ल्याण्ड लाइन टेलिफोनको संख्यामा १५.८ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित इन्टरनेट सेवामा १८.६ प्रतिशत वृद्धि भएको** छ ।

७. स्थलगत सर्वेक्षणको क्रममा कृषि, उद्योग र सेवा क्षेत्रमा विभिन्न प्रकारका चुनौतिहरु देखिएका छन् । कृषि क्षेत्रमा **सिँचाइ सुविधा पर्याप्त नहुनु, जमीनको अनावश्यक खण्डिकरण हुनु, प्राकृतिक प्रकोपले कृषि क्षेत्रमा क्षति पुऱ्याउनु, कृषि श्रमिकको अभावलाई व्यवस्थापन गर्न आवश्यक मात्रामा साना तथा मझौला कृषियन्त्रको पहुँचमा कृषहरुलाई ल्याउन नसक्नु, कृषि प्रसार तथा प्राविधिक सेवा सहज रुपमा उपलव्ध नहुनु, उन्नत जातका बीउ-बिजन तथा गुणस्तरीय रासायनिक मलको सहज आपूर्ति हुन नसक्नु, वित्तीय पहुँच न्यून हुनु**

**तथा सरकारले उपलव्ध गराएको व्याज अनुदान साना किसानहरुले प्राप्त गर्न नसक्नु** जस्ता चुनौतीहरु कृषि क्षेत्रमा  छन् । उद्योग क्षेत्रको विकासका लागि **ऊर्जा संकटको दीर्घकालीन समाधान, औद्योगिक पूर्वाधारको विकास, लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित** गर्नु चुनौतिपूर्ण रहेको छ । त्यसैगरी, **वित्तीय सेवाको पहुँचमा अभिवृद्धि, वित्तीय साक्षरता अभियान, व्यवस्थित र स्तरीय पर्यटन सेवाको विकास तथा विस्तार** आदि सेवा क्षेत्रका प्रमुख चुनौतिहरु रहेका छन् ।


८. स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क एवम् सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रियाको आधारमा आंकलन गर्दा आर्थिक वर्ष २०७३/७४ मा **मुलुकको समग्र आर्थिक वृद्धि सन्तोषप्रद रहने देखिएको छ** । खासगरी, यस वर्ष अनुकुल मौसमको कारण खेती गरिएको क्षेत्रफल बढ्न गएको, गत वर्ष जस्तो बन्दहडताल जस्ता अवरोधजन्य क्रियाकलापहरु नभएको, चालु वर्ष उन्नत वीउविजन, मल समयमा नै उपलब्ध भएको, सरकारले **प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत पकेट क्षेत्र, ब्लक, जोन र सुपरजोन** क्षेत्र निर्धारण एवम् कृषिका लागि विभिन्न प्रकृतिका अनुदानका कार्यक्रम सञ्चालनमा ल्याएको र तरकारी तथा फलफूल एवम् हिउँदे बालीहरुको उत्पादन सन्तोषप्रद रहने अनुमान गरिएकोले आगामी अवधिमा **समग्र कृषि क्षेत्रको उत्पादन सन्तोषजनक रहने देखिएको छ ।** यसैगरी, यस वर्ष विद्युत आपूर्तिमा आएको सुधारसँगै देशमा व्यवसायिक वातावरणलाई नकारात्मक प्रभाव पार्ने बन्दहडताल जस्ता अवरोधजन्य क्रियाकलापहरु नभएको कारणबाट उद्योगी व्यवसायीहरुमा उत्साह जागेको एवम् औद्यागिक वातावरणमा सकारात्मक प्रभाव रहेको कारणहरुले गर्दा उद्योगहरुको क्षमता उपयोग बढ्न जाने अनुमानका आधारमा **यो क्षेत्रको उत्पादन पनि सन्तोषप्रद रहने देखिएको छ** ।

# परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र :** आर्थिक वर्ष २०७३/७४ को पहिलो ६ महिनामा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा २.४ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफलमा १.६ प्रतिशतले घटेको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा २.५ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल १.४ प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा धान, कोदो, जौ, फापर, उखु, भटमास तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने मकै, आलु, सनपाट, सुर्ती, सनपाट तथा दलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ।




(ख) **तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा २.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ७.२ प्रतिशतले ह्रास आएको थियो।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा १.९ प्रतिशतले वृद्धि भएको छ। यस किसिमका बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिमा २.१ प्रतिशतले वृद्धि भएको थियो।


**क्षेत्रगत स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल काठमाण्डौ र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल विराटनगर, जनकपुर र धनगढी क्षेत्रमा ह्रास आएको छ भने बाँकी अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल वीरगञ्ज र सिद्धार्थनगर क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

**१.२ कृषि उत्पादन :** समीक्षा अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को कुल उत्पादन ६.६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुको उत्पादन २.९ प्रतिशतले ह्रास भएको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन २०.० प्रतिशत, मकैको उत्पादन ३.१ प्रतिशत र जौको उत्पादन ५.१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, फापरको उत्पादन ३.६ प्रतिशत, आलुको उत्पादन ३.३ प्रतिशत र भटमासको उत्पादन ६.५ प्रतिशत वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये धानको उत्पादन ८.० प्रतिशत, जौको उत्पादन ६.७ प्रतिशत, आलुको उत्पादन ३.४ प्रतिशत र भटमासको उत्पादन ९.३ प्रतिशतले ह्रास भएको थियो । यसैगरी, मकैको उत्पादन ३.८ प्रतिशत, फापरको उत्पादन ६.८ प्रतिशले वृद्धि भएको थियो । समीक्षा अवधिमा उखुको उत्पादन ८.७ प्रतिशत, सनपाटको उत्पादन १३.७ प्रतिशत, सुर्तिको उत्पादन ५५.० प्रतिशत, दलहनको उत्पादन २.३ प्रतिशत र तेलहनको उत्पादन ३.२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा उखुको उत्पादन १.१ प्रतिशत, सनपाटको उत्पादन १.० प्रतिशत र तेलहनको उत्पादन २.२ प्रतिशतले बढेको थियो भने सुर्तिको उत्पादन २३.१ प्रतिशत र दलहनको उत्पादन ५.३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा खासगरी वर्षे वालीको लागि मौसम अत्यन्त अनुकूल रहेको र कृषिका लागि आवश्यक रासायनिक मल, उन्नत बीउ-बिजन र किटनासक औषधिको सहज उपलब्धता रहेको एवम् कृषक समूहले साना तथा मझौला आधुनिक कृषि यन्त्रको उपयोग बढाउँदै लगेका एवम्  साना तथा मझौला सिँचाइ आयोजनाहरु सम्पन्न हुँदै गरेको कारण प्रमुख खाद्य बालीहरुको उत्पादन उल्लेख्य वृद्धि भएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रहरुमध्ये वीरगञ्ज क्षेत्रमा खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रमा यी बालीको उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन धनगढी क्षेत्रमा सबैभन्दा बढी अर्थात् २१.३ प्रतिशतले वृद्धि भएको छ भने पोखरा क्षेत्रमा सबैभन्दा कम अर्थात् ३.७ प्रतिशत मात्र वृद्धि भएको देखिन्छ ।




**(ख) तरकारी** : गत वर्षको पहिलो छ महिनामा ३.१ प्रतिशतले घटेको तरकारीको उत्पादन समीक्षा अवधिमा ४.५ प्रतिशतले वृद्धि भएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारीको उत्पादन जनकपुर र सिद्धार्थनगर क्षेत्रमा ह्रास भएको छ भने बाँकी अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ४.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादनमा १.३ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत आँपको उत्पादन २८.४ प्रतिशत, केराको उत्पादन ०.४ प्रतिशत, स्याउको उत्पादन ६.४ प्रतिशत, मसलाको उत्पादन ७.१ प्रतिशत र कफीको उत्पादन ११.१ प्रतिशतले वृद्धि भएको छ भने सुन्तलाको उत्पादन १.२ प्रतिशत र अन्य फलफूलको उत्पादन ०.६ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा चिया र कफिको उत्पादनमा ह्रास आएको थियो भने बाँकी अन्य सबै फलफूलको उत्पादनमा वृद्धि भएको थियो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन पोखरा बाहेक सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा अवधिमा दूधको उत्पादन ५.८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादन १.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । समीक्षा अवधिमा मासु उत्पादन ४.४ प्रतिशत र अण्डाको उत्पादन १५.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मासुको उत्पादन ३.१ प्रतिशतले घटेको थियो भने अण्डाको उत्पादन १.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ खसी, बोका तथा भेडाको मासु उत्पादन ०.६ प्रतिशतले ह्रास आएको छ भने कुखुरा तथा हाँसको मासु उत्पादन ८.९ प्रतिशत, सुंगुर तथा बंगुरको मासु ४.६ प्रतिशत र भैसी तथा राँगाको मासु उत्पादन ५.७ प्रतिशतले वृद्धि भएको छ ।


समीक्षा अवधिमा माछाको उत्पादन १०.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा माछाको उत्पादन ११.२ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठको उत्पादन २७.१ प्रतिशत र औषधिजन्य उत्पादन ८.२ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन र अन्य उत्पादन क्रमशः २२.२ प्रतिशत र १५.७ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा दूधको उत्पादन सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, मासुको उत्पादन काठमाण्डौ र पोखरा क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादन सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

**१.३ सिँचाइ सुविधा :** समीक्षा अवधिमा अध्ययनमा समेटिएका ५७ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल २.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिंचित क्षेत्रफलमा ३.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल खेती गरिएको भूभागमध्ये ३९ प्रतिशत क्षेत्रफल सिंचित रहेको देखिन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ४३.० प्रतिशत कुलो, ४५.८ प्रतिशत नहर, २.१ प्रतिशत पोखरी तथा ९.१ प्रतिशत बोरिङ्गबाट सिँचाइ भएको देखिन्छ ।

चार्ट ३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)




अध्ययन क्षेत्र अनुसार समीक्षा अवधिमा सबै क्षेत्रहरुमा सिँचाइ सुविधामा विस्तार भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

**१.४ क्षेत्रगत कृषि कर्जा स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा ९.० प्रतिशतले वृद्धि भई रु. ८४ अर्ब ५४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.० प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३४.६ प्रतिशत अर्थात् रु. २९ अर्ब २१ करोड प्रवाह भएको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा ०.१ प्रतिशत अर्थात् रु. १० करोड प्रवाह भएको देखिएको छ। समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा गएको कर्जाको अंश ४.५ प्रतिशत रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २३.४ प्रतिशत, विराटनगर क्षेत्रको १६.८ प्रतिशत, जनकपुर क्षेत्रको ६.९ प्रतिशत, वीरगञ्ज क्षेत्रको २१.४ प्रतिशत, पोखरा क्षेत्रको १०.६ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ११.८ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ६.० प्रतिशत तथा धनगढी क्षेत्रको अंश ३.२ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) चालू आर्थिक वर्ष २०७३/७४ मा मौसम अनुकूल रहेको र मौसमी अवस्थाले निर्धारण गर्ने नेपालको कृषि क्षेत्रको उत्पादनमा खासगरी धानको उत्पादन चालू आर्थिक वर्षमा उल्लेख्य रुपमा बढ्ने अनुमान गरिएको छ। यसैगरी, यस वर्ष कृषकहरुलाई समयमै रासायनिक मल, उन्नत बीउ-बिजन तथा कीटनाशक औषधि उपलब्ध भएको एवम् कृषि क्षेत्रमा साना तथा मझौला प्रकृतिका कृषि उपकरणको उपयोगमा वृद्धि हुँदै गएको, सरकारीस्तरबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तगरत पकेट, ब्लक, जोन र सुपरजोन क्षेत्र तोकिनु र नयाँ प्रविधिमा आधारित साना तथा मझौला खालका सिँचाइ योजनाहरु समेत सम्पन्न हुँदै गएका कारणबाट चालू आर्थिक वर्ष समग्र खाद्य तथा अन्न बालीहरुको समग्र उत्पादनमा बढोत्तरी हुने अनुमान गरिएको छ।

(ख) तरकारी एवम् फलफूल खेतीलाई नगदेबालीको रुपमा लिइँदै गएको र यसबाट उच्च प्रतिफल प्राप्त हुने तथा सरकारले ल्याएको युवालक्षित कार्यक्रमबाट तरकारी तथा फलफूल खेतीमा कृषकहरुको आकर्षण बढ्दै गएका कारण यस वर्ष यी समूहका बालीको उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ।

(ग) सरकारले ल्याएको युवालक्षित कार्यक्रम, पशुवीमा कार्यक्रम तथा नश्ल सुधार, गोठ सुधार, घाँसको वीउ वितरण र पाठापाठी वितरण लगायतका विभिन्न अनुदानका Mission कार्यक्रम एवम् पशु सेवा कार्यालयबाट प्रदान गरिने प्राविधिक सेवाको विस्तारबाट व्यवसायिक पशुपालन कार्यक्रमको प्रभावकारिता बढ्दै गएकोले दुध तथा मासुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ। त्यसैगरी, मत्स्यपालन व्यवसायको प्रवर्द्धनका लागि Fish Mission कार्यक्रम समेत प्रभावकारी बन्दै गएको कारणबाट माछाको उत्पादनमा थप विस्तार हुने देखिन्छ।

# परिच्छेद २
# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ५४.२ प्रतिशत रहेको छ । गत वर्षको यसै अवधिमा उद्योगहरुको औसत क्षमता उपयोग ३९.५ प्रतिशत मात्र रहेको थियो । यस अवधिमा चाउचाउ उद्योगले पूर्ण क्षमता उपयोग गरेको देखिएको छ भने ईटा उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् ३०.४ प्रतिशत मात्र रहेको देखिएको छ । समीक्षा अवधिमा विद्युत आपूर्तिमा आएको सुधारले उद्योग क्षेत्रमा सकारात्मक प्रभाव पर्न गएको र समीक्षा अवधिमा देशमा कुनै किसिमको बन्दहडताल जस्ता अवरोधजन्य क्रियाकलाप नरहेको कारणबाट समग्र उद्योगहरुको क्षमता उपयोग गत वर्षको यसै अवधि भन्दा बढ्न गएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पति घिउ तथा तेल, प्रशोधित दूध, अन्न तथा पशुदाना एवम् अन्य खाद्यपदार्थ समूहको उत्पादनमा वृद्धि भएको छ । यसैगरी, पेय पदार्थ, कपडा, औषधि, फलामको छड तथा पत्ति, जुत्ता, सिमेन्ट, ईटा र लत्ता कपडाको उत्पादनमा समेत वृद्धि भएको छ भने तयारी कपडा, प्रशोधित छाला एवम् बिजुली तार र केवलको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा अवधिमा वनस्पति घिउ तथा तेल समूहको उत्पादन १६.५ प्रतिशत, अन्न तथा पशुदाना समूहको उत्पादन १४.३ प्रतिशत, अन्य खाद्य पदार्थ समूहको उत्पादन ५७.५ प्रतिशत र पेय पदार्थ समूहको उत्पादन ९२.१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, जुत्ताको उत्पादन २०.८ प्रतिशत, फलामको छड तथा पत्तिको उत्पादन १७२.६ प्रतिशत, सिमेन्टको उत्पादन ६१ प्रतिशतले, ईटाको उत्पादन १३.० प्रतिशत र चिरेको काठको उत्पादन ७६ प्रतिशतले बढेको छ भने तयारी कपडाको उत्पादन ३१.१ प्रतिशत र बिजुलीको तार र केवुलको उत्पादन १४.६ प्रतिशतले ह्रास आएको छ । यस्तै, अन्य खाद्य पदार्थ समूह अन्तर्गत प्रशोधित चियाको उत्पादन २.४ प्रतिशत, प्रशोधित छालाको उत्पादन ६१.२ प्रतिशत र अल्मुनियमको उत्पादन १०.७ प्रतिशतले ह्रास आएको छ भने प्रशोधित दूधको उत्पादन १३.८ प्रतिशतले र औषधिजन्य सबै वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतः प्रशोधित दूध, पस्मिना, चाउचाउ, औषधिजन्य उत्पादन, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ तथा तेल, प्रशोधित दूध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति आदि, पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि, सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट आदि, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा अवधिमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ११.० प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ५ अर्ब ८७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३२.३ प्रतिशत रहेको छ ।

(ख) समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये खानी उद्योगतर्फ १०.४ प्रतिशतले ह्रास आएको छ भने उत्पादन सम्बन्धी उद्योगमा ६.८ प्रतिशत, निर्माण क्षेत्रमा १४.५ प्रतिशत, विद्युत, ग्याँस तथा पानी शीर्षकमा ११.८ प्रतिशत, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामानमा १४.६ प्रतिशत र पर्यटन सेवा/उद्योगमा १९.९ प्रतिशतले वृद्धि भएको छ ।

चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जा मध्ये उत्पादनमूलक क्षेत्रको अंश सबैभन्दा बढी अर्थात् ४५.६ प्रतिशत रहेको छ भने खानी सम्वन्धी उद्योगको सबैभन्दा न्यून अर्थात् ०.४ प्रतिशत रहेको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा कुल औद्योगिक कर्जाको ३२.१ प्रतिशत, पर्यटन उद्योगमा ९.२ प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ८.९ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३.८ प्रतिशत अंश रहेको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ५९.५ प्रतिशत, विराटनगर क्षेत्रको अंश १०.७ प्रतिशत, जनकपुर क्षेत्रको अंश १.७ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश ९.९ प्रतिशत, पोखरा क्षेत्रको अंश ६.८ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ६.३ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश ३.१ प्रतिशत र धनगढी क्षेत्रको अंश १.९ प्रतिशत रहेको छ । एकातिर अधिकांश बैंक तथा वित्तीय संस्थाहरुको केन्द्रीय कार्यालय काठमाण्डौमा रहेको र ठूलो आकारको कर्जा स्वीकृतिको अधिकार पनि केन्द्रीय कार्यालयमा रहने र अर्कोतर्फ काठमाण्डौबाट ऋण स्वीकृति गराएर अन्यत्र लगानी गर्ने प्रवृत्तिको कारणले पनि काठमाण्डौमा औद्योगिक कर्जा प्रवाहको अनुपात उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादनको परिदृश्य (Outlook)

(क) चालु आर्थिक वर्षमा धान, मकै, भटमासको उत्पादनमा वृद्धि भएकोले कृषि उत्पादन कच्चा पदार्थमा आधारित उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुनगई घिउ तथा तेल र अन्न तथा पशुदाना जस्ता खाद्य वस्तुहरुको उत्पादनमा सकारात्मक असर पर्ने देखिन्छ भने उखुको मूल्य समयमा निर्धारण नहुनु तथा उद्योगीले उखु किसानलाई समयमै उखुको मूल्य भुक्तान नगरेको कारणबाट चिनीको उत्पादनमा भने नकारात्मक असर पर्नजाने देखिन्छ । चाउचाउ तथा हल्का पेयपदार्थजन्य बस्तुहरुको आन्तरिक तथा बाह्य बजार मागमा विस्तार हुँदै गएको कारण यी वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुनगई उत्पादनमा समेत सकारात्मक प्रभाव पर्न जाने देखिन्छ ।

(ख) भूकम्पले क्षति पुऱ्याएको भौतिक संरचनाहरुको पुनर्निर्माण कार्यले गति लिन शुरु गरेको सन्दर्भमा सिमेन्ट, ईटा, फलामको छड तथा पत्ति, बिजुलीको तार लगायत निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुको उत्पादन वृद्धि हुने सम्भावना देखिएको छ भने नेपाली जुत्ताको गुणस्तरमा सुधार आउनुका साथै भारतमा समेत नेपाली जुत्ताको मागमा आएको विस्तारले जुत्ताको उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।

(ग) विद्युत आपूर्तिमा आएको सुधार, औद्योगिक कर्जामा भएको विस्तार, उद्योगी व्यवसायीहरुको उत्साह, संशोधन भइरहेको श्रम ऐन तथा स्वदेशी तथा विदेशी लगानी वृद्धिका लागि आयोजित अन्तराष्ट्रिय सम्मेलनहरुमा सहभागीहरुबाट देखिएको उत्साह समेतलाई दृष्टिगत गर्दा औद्योगिक उत्पादन वृद्धि हुन जाने देखिन्छ ।

(घ) समीक्षा अवधिमा उद्योगहरुको उत्पादन स्थिति, क्षमता उपयोग र उद्योगीहरुसँगको अन्तरक्रियाको आधारमा हेर्दा यस वर्ष समग्र औद्योगिक उत्पादनको अवस्था सकारात्मक रहने देखिएको छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटल तथा लजको संख्या १०.३ प्रतिशतले वृद्धि भई २ हजार ४ सय २३ पुगेको छ भने होटल शैया संख्या १८.८ प्रतिशतले बढ्न गई ७३ हजार ८ सय ३७ पुगेको छ । गत वर्षको पहिलो ६ महिनामा पर्यटक आगमन संख्यामा ३०.९ प्रतिशतले कमी आएकोमा समीक्षा अवधिमा पर्यटक आगमन संख्यामा ५९.४ प्रतिशतले वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा अवधिमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा ७६.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा २८.५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा १२३.५ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब ८३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा ३.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ९०.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास २.४ प्रतिशतले घटेको थियो । गत वर्षको सोही अवधिमा यस अवधिमा तराईका जिल्लाहरुमा बन्दहडताल रहेकोले त्यस क्षेत्रका जिल्लाहरुमा घर जग्गा कारोबार र घर/भवन नक्सा पास को कार्य प्राय ठप्प रहेको र विगत वर्षमा सरकारले अध्ययन क्षेत्रका जिल्लाहरुमा थप नगरपालिका घोषणा गरेको कारण समीक्षा अवधिमा यस किसिमको कारोबार संख्या र सो वापतको राजश्वमा उल्लेख्य वृद्धि हुन गएको हो ।

(ख) समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी जनकपुर क्षेत्रमा अर्थात् २४२.२ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा कम अर्थात् पोखरा क्षेत्रमा १३.३ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन सबै क्षेत्रमा वृद्धि भएको छ । समीक्षा अवधिमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा सबै क्षेत्रमा वृद्धि हुन आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ५७ जिल्लामा वाणिज्य बैंकका १८९९, विकास बैंकका ७९५, वित्त कम्पनीका १५३ तथा लघुवित्त विकास बैंकका १४६४ गरी जम्मा ४३११ शाखाहरु सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् १०९३ तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् २५५ शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप ९.० प्रतिशतले वृद्धि भई रु. २१ खर्ब ८२ अर्ब ८५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.७ प्रतिशतले वृद्धि भएको थियो । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले सञ्चालन गरेको वित्तीय साक्षरता अभियानको प्रतिफल स्वरुप सर्वसाधारणहरुमा भएको वित्तीय साक्षरता अभिवृद्धि, बैकिङ्ग प्रणालीबाट रेमिट्यान्सको

आप्रवाह तथा अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार लगायतका कारणहरुले निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा १४.२ प्रतिशतले वृद्धि भई रु. १८ खर्ब ७४ अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाहमा ७.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको अन्तमा कर्जा निक्षेप अनुपात ८५.९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ७७.५ प्रतिशत रहेको थियो ।

(घ) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.० प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.३ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.५ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५२.८ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको ११.२ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.७ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा अवधिमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १७.० प्रतिशतले वृद्धि भएको देखिन्छ, जसमध्ये मोटरसाईकलको संख्या १७.१ प्रतिशत तथा अन्य सवारी साधनको संख्या १६.८ प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

(ख) नेपालमा समीक्षा अवधिमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) तथा ल्याण्ड लाइन टेलिफोनको संख्यामा १५.८ प्रतिशतले वृद्धि भई ३ करोड ३८ लाख २५ हजार ८ सय ४० पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा १८.६ प्रतिशतले वृद्धि भई १ करोड ४५ लाख ७९ हजार ८ सय ८९ पुगेको छ ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

## ३.५ सेवा क्षेत्रको परिदृश्य (Outlook)

(क) २०७२ बैशाखमा गएको विनाशकारी भूकम्प र गत वर्ष तराई क्षेत्रमा भएको बन्दहडताल र सीमानाका अवरोधका कारण सुस्ताएको पर्यटन क्षेत्रलाई जोगाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गरिएको प्रचार प्रसार र यस वर्ष हुन गइरहेको निर्वाचनबाट नेपालको सबैक्षेत्रमा देखा परेको स्थिरताको संकेतले पारेको सकारात्मक प्रभाव एवम् समीक्षा अवधिमा पर्यटकीय होटल तथा रेष्टुरेन्टको संख्यामा भएको वृद्धि, सेवा तथा सुविधाको सुधारका कारण पर्यटक आगमनमा सुधार हुन सक्ने सम्भावना रहेको छ ।

(ख) २०७२ बैशाखमा गएको भूकम्पबाट क्षति भएका घर संरचनाहरुको पुनिर्निर्माणको कामले गति लिन थालेको, नेपालमा सम्पन्न हुन गइरहेको स्थानीय तहको निर्वाचन पश्चात् गठन हुने स्थानीय सरकारले स्थानीयस्तरमा नै सेवा प्रवाह बढाउने कारणबाट घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) नेपाल सरकार र नेपाल राष्ट्र बैंकले नेपालका दुर्गम तथा ग्रामीण क्षेत्रमा वित्तीय पहुँच बढाउन लिएको नीति र वित्तीय साक्षरता अभियानको सकारात्मक प्रभावका कारण बैंक तथा वित्तीय संस्थाहरुले शाखा रहित बैंकिङ्ग मार्फत पनि दुर्गम तथा ग्रामीण क्षेत्रमा आफ्नो उपस्थिति बढाउँदै लगेको हुँदा नेपालको ग्रामीण क्षेत्रमा वित्तीय पहुँचमा अभिवृद्धि हुने देखिन्छ ।

## परिच्छेद ४

# प्रमुख चुनौतीहरू

### ४.१ कृषि क्षेत्र

- अव्यवस्थित सहरीकरण, उर्वर भूमिमा तिब्र गतिमा बढ्दै गइरहेको घर/ भवन निर्माण कार्य र प्राकृतिक प्रकोपका कारण उर्वर जमिन क्षय हुँदै जानु यस क्षेत्रको पमुख चुनौती रहेको छ।
- कृषि क्षेत्र अझैपनि निर्वाहमुखी स्तरबाट माथी उठ्न नसकेको अवस्थामा देशमा रोजगारी सिर्जना एवम् गरिवी निवारण गर्ने माध्यमको रुपमा उपयोग गर्न यस क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ अगाडी बढाउनु चुनौतिपूर्ण रहेको छ।
- कृषि वस्तुहरुको विशिष्टिकृत उत्पादन गर्ने योजनाको अभाव, अपर्याप्त कृषि प्राविधिक सेवा, कृषि श्रमको आपूर्तिमा समस्याले गर्दा कृषि आधुनिकीकरण तथा व्यवसायीकरण चुनौतिपूर्ण रहेको।
- वर्षामा आधारित नेपालको कृषि क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन साना तथा मझौला सिँचाइ आयोजनाहरुको लागि छुट्याइएको न्यून बजेटका कारण पनि एक वर्ष देखि डेढ वर्षमा सम्पन्न गर्न सकिने योजनाहरु ५ वर्षसम्म पनि सम्पन्न गर्न नसक्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिएको छैन। तसर्थ, यस्ता प्रकृतिका योजनाहरुलाई समयमा सम्पन्न गर्न आवश्यक बजेटको विनियोजन गर्नुपर्ने देखिन्छ।
- कृषि क्षेत्रमा आवश्यक श्रमशक्तिको अभावलाई व्यवस्थापन गर्न कृषि क्षेत्रमा साना तथा मझौला किसिमका कृषियन्त्रको वितरण र उपयोगलाई विस्तार गर्ने कार्य चुनौतिपूर्ण रहेको छ। यस्तै कृषि विमाको विस्तार र उपयोगितालाई अपेक्षित रुपमा बढाउन सकिएको छैन।
- कृषि उत्पादनहरुको बजारीकरणमा बिचौलियाहरुको अनावश्यक उपस्थितिलाई व्यवस्थित गर्नु अहिलेको महत्वपूर्ण चूनौतीको रुपमा रहेको छ।
- पशु विकासका लागि नेपालमा प्रशस्त सम्भावना भए पनि यसको व्यावसायिकताका लागि आवश्यक पूँजीको पहुँच साना तथा मझौला कृषकहरुमा पुग्न सकेको छैन भने सरकारी अनुदानका कार्यक्रमहरु सीमित मात्रामा हुने कारण यसलाई आवश्यक मात्रमा विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- कृषि तथा पशु उत्पादनका लागि व्यवस्थित बजारहरु विकास गर्न नसक्दा व्यवस्थित कृषि बजारमा कृषकहरुको पहुँच पुग्न नसकी कृषि उत्पादनले यथोचित बजार पाउन सकेको छैन। तसर्थ, कृषि तथा पशु विकासको लागि व्यवस्थित बजार निर्माण कार्य चुनौतीको रुपमा रहिआएको छ।
- शीत भण्डारणको अभाव तथा उपयुक्त समर्थन मूल्यको अभावले कृषकहरु आफ्नो उत्पादन कम मूल्यमा बेच्न बाध्य हुनु परेको स्थिति छ।

### ४.२ उद्योग क्षेत्र

- बैंक कर्जाको ब्याजदरमा आउने बारम्बारको उतार चढावले उद्योग संचालन लागत अनिश्चित् हुने समस्या उद्योग क्षेत्रले भोग्दै आएको छ। वित्तीय सेवाको मूल्यमा  स्थिरता प्रदान गरी औद्योगिक लगानीलाई सुनिश्चित गर्ने कार्य चुनौतीको रुपमा देखिएको छ।
- सहज औद्योगिक वातावरणको विकास मार्फत् औद्योगिक क्षेत्रमा गरिने लगानीको प्रतिफलको सुनिश्चितता प्रदान गरी गैर नेपालीहरुको शीप, पूँजी र प्रविधिलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

- देशमा व्यावहारिक शीप तथा तालिमको अभाव र वैदेशिक रोजगारी विस्तारका कारण उद्योग क्षेत्रले जनशक्तिको अभाव झेल्दै आएको छ । उद्योग क्षेत्रको आवश्यकतामा आधारित दक्ष जनशक्ति विकास गर्ने र त्यस्तो जनशक्तिलाई स्वदेशमै रहन उत्प्रेरित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- सडक सञ्जाल र विद्युत आपूर्ति जस्ता पूर्वाधारको कमी, आयातमा निर्भरता, व्यवस्थापन-मजदुर सम्बन्धमा समस्या र राजनैतिक कारणले बेलाबखत भइरहने बन्द हड्ताल, यातायातमा सिण्डिकेट, लामो पारवहन मार्ग तथा पारवहनमा अनावश्यक अवरोध, कच्चा पदार्थको अभाव, कमसल प्रविधि, औद्योगिक क्षमताको न्यूनतम उपयोग आदिले उत्पादित वस्तुहरुको लागत बढिरहेको छ र लागत बढेकै कारण नेपाली उत्पादनको स्वदेशी र विदेशी बजार क्रमशः संकुचित हुँदै गइरहेको छ। कम लागतमा गुणस्तरीय उत्पादन गरी उत्पादित वस्तुहरुलाई स्वदेशी तथा विदेशी बजारमा प्रतिस्पर्धी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- उद्योग स्थापना एवं सञ्चालन गर्न आवश्यक पूर्वाधार, सुविधा र सरकारी निकायहरुबाट पाउनुपर्ने सेवा प्राप्ति सहज बनाउन र समन्वय कायम गर्न एक द्वार नीति कार्यान्वयन, विशेष आर्थिक क्षेत्रहरु (SEZ) स्थापना तथा कार्यान्वयन, समयानुकूल श्रम कानूनको संशोधन र औद्योगिक कोरीडोरहरु व्यवस्थित गर्ने चुनौतीहरु पनि त्यत्तिकै रहेका छन् ।

## ४.३ सेवा क्षेत्र

- विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा रहँदै आएको पर्यटन सेवा क्षेत्रमा विगत केहि वर्षहरुमा शिथिलता आएकोमा सो क्षेत्रलाई पहिलेकै दाँजोमा उभ्याउनु अहिलेको सेवा क्षेत्रकै लागि चुनौती रहेको छ ।
- नेपाल पर्यटकीय दृष्टिले उत्कृष्ट स्थान भएतापनि प्रचार प्रसारमा विशेष ध्यान नपुगेको कारण भ्रमणमा आउने पर्यटकहरुको संख्यामा सन्तोषजनक वृद्धि हुन सकेको छैन । राजनैतिक अन्यौल, प्रचार प्रसारमा कमी, अपर्याप्त पर्यटन पूर्वाधार र साहसी पर्यटनको लागि अवसरहरु पर्याप्त रहेतापनि मनोरञ्जनको दृष्टिले खासै आकर्षक Product हरु नरहेका कारण भ्रमणमा आएका पर्यटकहरुको औसत वसाई अवधि लम्बाउने कार्य चुनौतीपूर्ण रहेको छ ।
- भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक पर्यटकीय सम्पदाहरुको पुनर्निर्माणमा भएको ढिलाईका कारण आन्तरिक तथा वाह्य पर्यटकहरुलाई यसतर्फ सकारात्मक सन्देश दिन सकिएको छैन । यस्ता सम्पदाहरुको पुनर्निर्माण यथाशीघ्र सम्पन्न गर्नुपर्ने चुनौती रहेको छ ।
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र सो क्षेत्रहरुको विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।
- खेतीयोग्य जमीन र आवासीय जमीनमा भिन्नता ल्याई तिनको कारोबारलाई व्यवस्थित गर्न नसकिरहेको अवस्थामा खेतीयोग्य जमीनको खण्डिकरणका कारण अव्यवस्थित बसोबासमा मात्र विस्तार हुँदै गएकोले त्यसलाई व्यवस्थित गर्न घरजग्गा कारोबारमा नियन्त्रण ल्याई त्यसलाई व्यवस्थित बनाउने कार्य चुनौतीपूर्ण बन्दै गएको छ ।
- बैंक तथा वित्तीय संस्थाहरु एवम् तिनका शाखाहरु सदरमुकाम तथा शहरी क्षेत्रमा मात्र केन्द्रित रहने प्रवृत्तिलाई निरुत्साहित गर्ने, ग्रामीण भेग र गरिब मध्ये गरिब जनसमुदायमा वित्तीय सेवाको पहुँच विस्तार गर्ने र वित्तीय साक्षरता अभियानलाई गाउँ गाउँसम्म पुऱ्याई वित्तीय सेवाको मागमा अभिवृद्धि गर्ने कार्य र बिमा गर्ने बानीको विकास गर्नु अझै चुनौतीको रुपमा कायम रहेको छ ।
- आयातको ठूलो हिस्सा रहेको नेपालको थोक तथा खुद्रा व्यापार क्षेत्रमा स्वदेशी वस्तुहरुको व्यापारको अंश बढाउनु पनि चुनौती नै रहेको छ ।

- स्वास्थ्य सेवा र शिक्षालाई हाल व्याप्त व्यवसायीमुखि अवधारणाबाट मुक्त गरी गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षालाई गरीव, ग्रामीण र दुर्गम क्षेत्रका जनमानस माझ पुऱ्याउनु पनि चुनौती नै रहेको छ।

## ४.४ पूर्वाधार क्षेत्र

- तत्कालका लागि काठमाडौं र पोखरा उपत्यका लगायतका ठाउँहरुमा विद्युत कटौती अन्त्य गरिएतापनि नेपालका दुर्गम भेगहरुमा भने विद्युत कटौति पूर्ण रुपले अन्त्य गर्नु अझै पनि चुनौतीपूर्ण छ । नेपाली उत्पादनबाटै देशभरको विद्युत माग पुरा गर्नु पनि चुनौतीको रुपमा रहेको छ।
- पूर्वाधार क्षेत्रमा सडक सञ्जालको अवस्था नाजुक छ। कर्णाली अञ्चल लगायत देशका कतिपय भू-भागमा अझै सडक सञ्जाल पुग्न नसक्दा गरिवीको कुचक्रबाट दुर्गम क्षेत्रका बासिन्दाहरु उम्कन पाएका छैनन् । पर्यटकीय महत्वका कैयौं स्थानहरुमा सडक जस्तो आधारभूत पूर्वाधारको सुविधा पुऱ्याउन नसकिँदा पर्यटन क्षेत्रले गति लिन सकेको छैन। सडक सञ्जालकै समस्याका कारण देशका विकट ठाउँहरुमा गरीव जनसंख्याले बढ्दो मूल्यको थप भार खेप्नु परेको स्थिति छ। फास्ट-ट्र्याक, मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग तथा सुरुङ्ग मार्ग निर्माण कार्य अपेक्षा अनुरुप अगाडी बढ्न सकेको छैन । देशका सबै स्थानहरुमा सडक सुविधा पुऱ्याउने कार्य चुनौतीपूर्ण रहेको छ।
- इन्धन भण्डारण क्षमतामा बृद्धि गरी पेट्रोलियम पदार्थको दिगो उपलब्धता सुनिश्चित् गर्ने, दुई छिमेकी राष्ट्रहरुसँग सहजै जोडिनका लागि नयाँ नाकाहरु विस्तार गर्ने, पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरु सडक सञ्जालबाट जोड्ने चुनौती राष्ट्र सामु छ।
- पूँजीगत खर्चमा शिथिलता, राजनैतिक समन्वयको अभाव, प्रविधि अभाव, खरिद प्रक्रिया तथा ठेकेदारी प्रक्रियामा समस्याका कारण देश विकासको लागि जगको रुपमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समयमा सम्पन्न गर्नु चुनौतीपूर्ण रहेको छ । देशमा रहेको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्था छ। पोखरामा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलले निर्माणको गति लिन सकेको छैन भने बाराको निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल स्रोतको अभाव र जग्गा अधिग्रहण तथा रुख कटान समस्याका कारण हालसम्म निर्माण कार्य प्रारम्भ हुन सकेको छैन । यी विमानस्थलहरुको निर्माण कार्यमा तिव्रता दिई निर्धारित समयमै सम्पन्न गर्नुपर्ने चुनौती रहेको छ।

***